Suruwat

Friends For Change

# राजेश दिदिया अमर रहून् !

## May Rajesh Didiya Live on Forever!

काठमाडौँ । राजेश दिदिया, नेपालमा एचआईभी एड्स नियन्त्रण, सङ्क्रमितहरूको स्याहार, उपचार तथा पुनःस्थापना र लागुपदार्थ दुव्र्यसन नियन्त्रण, उपचार र पुनःस्थापना, सशक्तीकरण तथा जीविकोपार्जनको कार्यका क्षेत्रका अथक एवं निःस्वार्थी योद्धा हुनुहुन्छ । भक्तपुरमा जन्मी हुर्कनुभएको राजेश एचआईभी एड्स नियन्त्रण तथा लागुपदार्थ दुव्र्यसनविरोधी अभियानकर्ता, प्रवक्ता, मानव अधिकारवादी हुँदै अन्तर्राष्ट्रिय अनुसन्धानकर्तासम्म बन्न सफल हुनुभयो ।

Rajesh Didiya was a tireless and selfless warrior in Nepal's fight against HIV/AIDS and drug abuse. He was dedicated his life to prevention, care, treatment, and rehabilitation for people affected by these issues.

Born and raised in Bhaktapur, Rajesh became a leading activist and spokesperson in the fields of HIV/AIDS awareness and drug addiction recovery. He was international researcher and human rights advocate as well.

अन्तर्राष्ट्रिय अनुसन्धानमा निरन्तर लागिपर्नुभएका उहाँ पछिल्लो समय सुरुवात संस्थाबाट पार्टिसिपेटिङ इन्भेस्टिगेटर भएर क्यानडास्थित म्याकगिल विश्वविद्यालयअन्तर्गतको हेल्थ सेन्टरको रिसर्च इन्स्टिच्युटसँगको सहकार्यमा नेपालमै पहिलो पटक एचआईभी संक्रमित आदिवासी जनजाति महिला तथा किशोरीहरुको यौन तथा प्रजनन् स्वास्थ्य अधिकार (एसआरएचआर) सम्बन्धमा देशका सातै प्रदेशका २२ जिल्लामा अनुसन्धान कार्यमा संलग्न भइरहनुभएकै बेला गत अगस्त २२ (भदौ ६ गते) हामीबीचबाट बिदा हुनुभयो । सुरुवात संस्थाका संस्थापक एवं हाल कार्यकारी निर्देशक रहनुभएर एसआरएचआर कार्यक्रमको ग्लोबल टीमको कोर कमिटीमा सहसंयोजक रहेकै बेला हामीले राजेशलाई गुमाउनुपर्‍यो ।

As an international research activist, Rajesh Didiya was recently working as a Participating Investigator from Suruwat organization in collaboration with the Research Institute of the Health Centre under McGill University in Canada. He was engaged in Nepal's first study focusing on the sexual and

reproductive health and rights (SRHR) of HIV-positive Indigenous women and adolescent girls, covering 22 districts across all seven provinces of the country.

Tragically, Rajesh passed away on August 22 (Bhadra 6). He was not only the founder and executive director of Suruw*at*, but also serving as the Co-Coordinator of the Global Core Committee for the SRHR program.

लागुपदार्थ प्रयोगकर्ता हुँदै एचआईभी संक्रमणको शिकार हुँदासम्मको अवस्थामा पुग्दा आफूले समाजबाट भोग्नुपरेको भेदभाव, लाञ्छना, बहिष्करण तथा आफ्नो कारण घरपरिवार र लालाबालाले समेत खप्नुपरेको दुःखपीडा, समस्याको अन्तःस्करणबाट बोध गरेर आफू मात्रै सुध्रिनुभएन, आफू जस्ता अरु युवाहरु लागुपदार्थ दुव्र्यसनमा फस्न नपरोस्, एचआईभी संक्रमित हुन नपरोस् र त्यसको लागि आफ्नो पक्षबाट केही न केही गर्नुपर्छ भन्ने अठोट लिएर एचआईभी संक्रमित र पूर्वलागुपदार्थ प्रयोगकर्ताहरुलाई एकजुट गरेर सन् २००७ मा सुरुवात संस्था स्थापना गर्नुभयो । सुरुवात विधिवत स्थापना गर्नुअघि उहाँले युथभिजन (वाईभी) मा सन् २००५ देखि केयर एन्ड सपोर्ट को-अर्डिनेटर भएर काम गर्नुभएको थियो । वाईभीमा उहाँले सन् २०१८ सम्म काम गर्नुभएको थियो ।

After personally experiencing discrimination, stigma, and social exclusion due to his drug use and subsequent HIV infection and witnessing the pain and suffering it brought to his own family and children, Rajesh Didiya came to a deep realization. He not only transformed his own life but made a firm commitment to ensure that other young people would not fall into the same traps of drug addiction and HIV infection. With this strong resolve, he brought together people living with HIV and former drug users and, founded an organization Suruwat in 2007.

Before formally establishing Suruw*at*, Rajesh began his journey in 2005 as a Care and Support Coordinator at *Youth Vision (YV)* till 2018.

सुरुवातका संस्थापक रहनुभएको राजेश आवश्यकअनुसार संस्थाको अध्यक्षदेखि महासचिव, कोषाध्यक्ष, बोर्ड सदस्य र साधारण सदस्यसम्म हुनुभयो । सुरुवातकै प्रतिनिधित्व गरी उहाँ सन् २०१९ देखि २०२२ सम्म एक कार्यकाल राष्ट्रिय एचआईभी एड्स महासंघ नेपाल (एनएपीएन) को राष्ट्रिय अध्यक्ष बन्न सफल हुनुभयो । यसअघि सन् २०१६ देखि २०१८ सम्म एनएपीएनको सचिव भएर काम गर्नुभएको थियो ।

As the founder of Suruwat , Rajesh Didiya took on various roles within the organization as needed, including serving as Chairperson, General Secretary, Treasurer, Board Member and General Member. Representing Suruwat, he was elected as the National President of the *National Association of HIV and*

# Suruwat

Friends For Change

*AIDS in Nepal (NAP+N)* for one term from 2019 to 2022. Prior to that, he had served as the Secretary of NAP+N from 2016 to 2018.

त्यस्तै रिकभरिङ नेपाल (आरएन) को बोर्ड सदस्य, टीबी नेटवर्कमा आवद्ध हुनुभएको राजेश अन्तर्राष्ट्रिय संस्था इगुवाका उपाध्यक्षसमेत हुनुहुन्थ्यो ।

Rajesh also served as a Board Member of *Recovering Nepal (RN)* and was actively involved in the *TB Network* and also, he held the position of Vice President at the international organization *IGUWA*.

आफ्नो युवा जीवन नै एचआईभी एड्स तथा लागुपदार्थ दुव्र्यसनको क्षेत्रमा समर्पित गर्नुभएको राजेश आउटरिच वर्कर र पियर एजुकेटर भएर समुदायको तल्लो तहसम्म खटिनुभयो, संक्रमितहरुको जीविकोपार्जन तथा पुनःस्थापनासँगै सीप विकास तथा आयआर्जनमार्फत उनीहरुको सशक्तीकरण र हक अधिकार रक्षाको लागि निरन्तर लड्दै आउनुभयो । एचआईभी तथा लागुपदार्थ दुव्र्यसनको क्षेत्रमा नेपालसँगै अन्तर्राष्ट्रियस्तरमा राजेश दिदियाले पु¥याउनुभएको योगदान अतुलनीय छ । सोही योगदानको उच्च सम्मान एवं मूल्यांकन गर्दै सुरुवातले गत सेप्टेम्बर ६ (भदौ २१ गते) श्रद्धाञ्जली सभा गरेको थियो ।

Dedicating his entire youth age to the fight against HIV/AIDS and drug addiction, Rajesh Didiya worked on the frontlines as an outreach worker and peer educator, reaching the grassroots level of communities. He tirelessly advocated for the livelihoods, rehabilitation, skill development, and economic empowerment of people living with HIV and those recovering from drug use, always fighting for their rights and dignity. In recognition and deep appreciation of his remarkable legacy, Suruwat organized a memorial tribute on September 6 (Bhadra 21).

कार्यक्रममा स्व.राजेश दिदियाको तस्बिरमा उहाँका श्रीमती, छोराछोरी, काका, दाजुभाइ, आफन्तजन सँगसँगै सुरुवातको बोर्डका पदाधिकारीहरु तथा कर्मचारीहरु, उहाँका सहकर्मी, शुभचिन्तकलगायतले पुष्प अर्पण तथा दीप प्रज्वलन गर्नुभएको थियो ।

At the program, late Rajesh Didiya's photo was honored with flower tributes and candle lighting by his wife, children, uncle, brothers, and other family members including team of Suruwat , his colleagues, well-wishers, and supporters.

# Suruwat

Friends For Change

भिडियो

कार्यक्रममा सुरुवातका कोषाध्यक्ष ईश्वरकाजी खाइजूले स्व.राजेश दिदियाको अकल्पनीय र असामयिक निधनले एचआईभी एड्स तथा लागुपदार्थ दुव्र्यसनको क्षेत्रमा भक्तपुर र नेपालले मात्रै होइन, विश्वले नै एकजना सशक्त अभियन्ता र अधिकारवादी गुमाएको औंल्याउनुभयो । समुदायको लागि राजेशले पु¥याएको योगदानको उच्च मूल्यांकन गर्दै कोषाध्यक्ष खाइजूले उहाँले अघि बढाएको अभियानलाई सबै एकजुट भएर थप सशक्त बनाएर सफलतातर्फ अघि बढाउन सरोकारवाला सबैसँग आह्वान गर्नुभयो ।

त्यस्तै सुरुवातका उपाध्यक्ष एवं नवनियुक्त कार्यकारी निर्देशक सुरेन्द्र बज्राचार्यले राजेश दिदियाको नेतृत्वमा अघि बढेको सुरुवात र विभिन्न परियोजनाहरुलाई थप सशक्त रुपमा अघि बढाउन आफूहरुले कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

At the program, *Suruwat* 's Treasurer, Ishwor Kaji Khaiju, emphasized that the untimely and unimaginable loss of Rajesh Didiya was not only a loss for Bhaktapur and Nepal, but for the global movement in HIV/AIDS and drug addiction advocacy. Recognizing Rajesh’s immense contributio ns to the community, Treasurer Khaiju called on all stakeholders to unite and carry forward the mission he championed.

Similarly, Vice Chairperson and newly appointed Executive Director of Suruwat, Surendra Bajracharya, expressed a firm commitment to advancing the organization and its various projects with renewed strength and dedication, building on the foundation laid by Rajesh Didiya’s visionary leadership.

**भिडियो – अंग्रेजीमा सबटाइटल राख्ने**

**- ०:०५ देखि ०:३८ सम्म**

> *‘राजेश दाइसँग धेरै वर्ष काम गरेँ । लगभग १८-१९ वर्ष सँगै काम गरेँ । काम गर्ने क्रममा उहाँले धेरै कुरा सिकाउनुभएको थियो । कसरी काम गर्ने भन्ने कुरा धेरै सिकाउनुभयो । घरपरिवारसँग कसरी अघि जाने भनेर पनि सिकाउनुभएको थियो । संघसंस्थामा कसरी काम गर्ने भन्ने पनि सिकाउनुभयो । उहाँसँग मेरो धेरै सम्झना छन् ।’*

# Suruwat

Friends For Change

"I worked with Rajesh for many years, almost 18 to 19 years. During that time, he provided good mentorship to us. He supported me on how to work effectively, how to move forward with family responsibilities, and how to navigate roles within organizations. I have many memories with him that I will always appreciate."

**- १:०३ देखि १:३७ सम्म**

*'राजेश दाइ हुँदा मलाई धेरै सपोर्ट भएको थियो काम गर्ने क्रममा, तर अहिले राजेश दाइ हामी बीच हुनुहुन्न । त्यसले गर्दा अब संस्थालाई कसरी लाने, परियोजनाहरुलाई कसरी लाने भन्ने सम्बन्धमा राजेश दाइले जति सिकाउनुभएको थियो, त्योभन्दा बढी मेहनत गरेर हामी टीम भएर संस्थालाई अझ अगाडि बढाउन धेरै नै कोसिस गर्नेछौँ ।'*

*"When Rajesh was with us, I received a lot of support during my work. But now that he is no longer here, we face the challenge of leading the organization and managing projects without him. We will work even harder than before, putting in more effort as a team to carry forward everything Rajesh taught us and to take the organization to greater heights."*

कार्यक्रममा एड्स हेल्थकेयर फाउन्डेसन (एएचएफ) नेपालका पूर्वराष्ट्रिय निर्देशक दीपक ढुंगेलले एचआईभी एड्सको क्षेत्रमा काम गर्ने व्यक्तिहरुमध्ये आफूले राजेश दिदिया लोभलालच नभएको र निःस्वार्थी पाएको सुनाउँदै राजेशको सट्टा भगवानले आफ्नो ज्यान लिएको भए पनि हुनेमा राजेश नै किन भनी कालसँग प्रश्न गरेर सबैलाई भावविह्वल बनाउनुभएको थियो ।

At the program, Deepak Dhungel, former National Director of AIDS Healthcare Foundation (AHF) Nepal, shared his experience of working with Rajesh Didiya, describing him as one of the most selfless and innocent persons he had ever met in the HIV/AIDS field. Deepak emotionally expressed his disbelief and grief by questioning to fate, saying that even if God had to take his owns life, why did it have to be Rajesh's, and he made to all deeply heartbroken.

**भिडियो – अंग्रेजी सबटाइटलको लागि**

**- १:०५ देखि १:४५ सम्म**

# Suruwat

Friends For Change

*‘नेपालमा एचआईभी, लागुपदार्थ दुव्र्यसन अनि सामुदायिक विकास खास गरी सशक्तीकरणको क्षेत्रमा र पछि आएर अनुसन्धानमा पनि राजेश दिदियाले विशेष पहल गर्नुभयो । सुरुवातले जुन ढंगले योगदान दियो, उहाँको परिवारले जसरी सहयोग गर्नुभयो । यी समग्र कुराहरु सम्झँदा राजेश दिदिया अलि चाँडै जानुभयो । म आफैँ उमेर ६० पुग्न लागेँ । बरु म गएँ हुन्थ्यो । उहाँ किन? उहाँ किन? भन्ने अनुभूति मलाई पनि आयो ।’*

उहाँले राजेश दिदियाको मिसन पूरा गर्ने दायित्व हाम्रो काँधमा आएको बताउँदै राजेशको व्यक्तित्व बृहत रहेको स्मरण गर्नुभयो ।

In Nepal, Rajesh Didiya made significant contributions to the fields of HIV, drug addiction, community development, especially empowerment, and later in research as well. Reflecting on the way Suruwat contributed and how his family supported him, it feels that Rajesh left us a little too soon. I am 60 years of age, if anyone had to go, it could have been me. But why him? Why Rajesh? These questions come to my mind as well. He emphasized that the responsibility to complete Rajesh’s mission now rests on our shoulders and recalled an impactful personality that Rajesh was.

**भिडियो – अंग्रेजी सबटाइटलको लागि**

**- २:१५ देखि ३:२८ सम्म**

*समग्रतामा हामीले सोच्ने भनेको सकारात्मक हो । उहाँले गरेको योगदान अथवा मिसन हामीले पूरा गर्नुपर्छ । मैले संस्थाका रुपमा सुरुवातसँग पटक पटक सहकार्य गर्ने अवसर पाएँ । यस क्रममा यो क्षेत्रमा लागेको कुनै लोभलालचविनाको कुनै मान्छे देखेको थिएँ र भेटेको थिएँ भने उहाँ राजेश दिदिया हुनुहुन्थ्यो । उहाँको योगदानलाई स्यालुट गर्दछु ।*

*एएचएफमा काम गर्दैगर्दा मैले गरेको पहलले उहाँहरुको संस्थालाई सहयोग पुग्यो । जसले गर्दा भक्तपुरमा मात्र होइन देशभरिका गरेर खान्छु भन्ने संक्रमितहरुले सीप सिक्न पाए । उनीहरुले राजेशलाई नचिन्ला, तर राजेशको योगदानको कारण उहाँहरु त्यहाँ आत्मसम्मान र गौरवका साथ बाँचिरहनुभएको छ ।’*

Suruwat

Friends For Change

*Overall, we have to think positively. We must carry forward the mission and contributions he made. I had multiple opportunities to collaborate with* Suruwat *as an organization. Throughout this work, if I ever met anyone in this field who was truly selfless and honest, it was Rajesh Didiya. I salute his contributions.*

*While working at AHF, the initiatives I led helped support his organization. Because of this, not only in Bhaktapur but across the country, people living with HIV were able to learn skills to support themselves. They may not know Rajesh personally, but due to his contribution, they are living with dignity and pride.*

**- ३:३८ देखि ३:५८ सम्म**

*'हुन त धेरैथोक भएको छ नि! हात्ती छामेर हात्ती कस्तो भनेर अनुमान गरे जस्तो राजेश दिदियाको त्यो वृहत् व्यक्तिलाई हामी चिन्छौँ । मैले जसरी चिनेँ- निःस्वार्थ समुदायलाई सशक्तीकरण गर्ने ।'*

Lots of things have accomplished. It's like touching an elephant and trying to guess what an elephant is like, we know the limitlessness of Rajesh Didiya's personality. From my experience, he was truly selfless and dedicated to empowering the community

राजेशका सहकर्मी एवं राष्ट्रिय एचआईभीएड्स महासंघ नेपाल (एनएपीएन) का पूर्वसचिव रविन तामाङले राजेश दिदिया एचआईभी एड्स र लागुपदार्थ दुव्र्यसनविरुद्धको क्षेत्रको सही नेतृत्वकर्ता र सही मार्गनिर्देशक हुनुभएको उल्लेख गर्नुभयो ।

Colleagues of Rajesh and former Secretary of the National Federation of HIV and AIDS Nepal (NAP+N), Rabin Tamang said that Rjesh was the right leadership in HIV/AIDS and drug abuse sector.

**भिडियो १ बाट – अंग्रेजी सबटाइटलको लागि**

**- १:०२ देखि २:०० सम्म**

# Suruwat

Friends For Change

*‘मैले राजेश दाइको नेतृत्वमा एक कार्यकाल राष्ट्रिय एचआईभी एड्स महासंघमा सचिव भएर कार्य गरेको थिएँ । उहाँलाई यस क्षेत्रको सही नेतृत्व र सही मार्गनिर्देशन गर्ने व्यक्तित्वको रुपमा मैले चिनेको छु । उहाँ एकदम हठी स्वभावको हुनुहुन्थ्यो । उहाँले म यस्तो गर्छु भनेर कुनै उद्देश्य लिइसकेपछि, कुनै विचार लिइसकेपछि उहाँ त्यो विचारबाट कति पनि विचलित हुनु हुँदैनथ्यो, चाहे परिस्थितिले सफलता देओस् अथवा असफल होस्, तर उहाँले सोचेपछि त्यो सोचलाई एनी हाउ पूरा गर्नुपर्छ भनेर लाग्नुहुन्थ्यो ।’*

*I served as the Secretary of the National Federation of HIV and AIDS Nepal for one term under the leadership of Rajesh. I knew him as a true leader and a person who provided clear direction in this field. He was very determined by nature. Once he set a goal or made a decision, he would not be easily swayed, regardless of whether the circumstances led to success or failure.*

**भिडियो २ बाट – अंग्रेजी सबटाइटलको लागि**

**- ०:३८ देखि १:३३ सम्म**

*‘राजेश दाइको योगदान भक्तपुरमा मात्रै सीमित छैन । काठमाडौँ जिल्लामा मात्रै सीमित छैन, नेपालैभरि र अन्तर्राष्ट्रियस्तरकै संघसंस्थाले उहाँको योगदान र कामलाई एकदमै सराहना गर्दै आएका छन् ।’*

Rajesh contributions were not limited to Bhaktapur alone, nor just to Kathmandu district. His work and impact have been highly appreciated by organizations across Nepal and at the international level.

तत्कालीन भक्तपुर जिल्ला विकास समितिअन्तर्गत रहेको जिल्ला एड्स समन्वय समिति (ड्याक)का संयोजक शंकर बस्नेतले राजेश दिदियाकै नेतृत्व तथा पहलमा भक्तपुरमा एआरटी सेन्टर स्थापना भई सञ्चालनमा आएको सुनाउनुभयो ।

Shankar Basnet, former Coordinator of the District AIDS Coordination Committee (DAC) under the Bhaktapur District Development Committee said that ART service is Bhaktapur was started in the initiation of Rajesh Didya.

# Suruwat

Friends For Change

•

### भिडियो – अंग्रेजी सबटाइटलको लागि

### - ३:२२ देखि ३:५२ सम्म

> *'ड्याकमा राजेशको पनि एउटा नेतृत्वदायी भूमिका थियो । मैले उहाँले गरेको योगदान प्रत्यक्ष देखेको छु- भक्तपुरमा एआरटी सेन्टर खोल्नेदेखि घरघरमा औषधि पु¥याउनेसम्म, बिरामीहरुलाई निःशुल्क औषधि उपचार गराउनेसम्म ।'*

Rajesh also played a leading role in the DAC. I have personally witnessed his contributions from establishing the ART center in Bhaktapur to ensuring medicines were delivered door-to-door, providing free treatment to patients.

भक्तपुरको सामान्य व्यक्ति राजेश दिदिया अन्तर्राष्ट्रिय अनुसन्धानकर्तासम्म हुन सफल भएकोमा आफूले गर्व महसुस गरेको संयोजक बस्नेतले बताउनुभयो ।

Coordinator Basnet expressed pride in seeing Rajesh Didiya, a common person from Bhaktapur, succeed in becoming an international researcher.

### भिडियो – अंग्रेजी सबटाइटलको लागि

### - ४:२२ देखि ४:४८ सम्म

> *'संसारमा सृष्टि भएदेखि अर्बौं मान्छे मरे तर नाम रहने भनेको त्यही १५-२० हजारको हो । राजेशले पनि सुरुवात संस्था खोलेर जुन किसिमको भक्तपुरमा एचआईभी एड्स र लागुऔषध नियन्त्रणको क्षेत्रमा जुन भूमिका निर्वाह गर्नुभएको छ, त्यसको अवश्य पनि मूल्यांकन हुन्छ ।'*

Since the creation of the world, billions of people have passed away, but only about 15,000 to 20,000 leave behind a lasting name. By founding Suruwat and playing such a vital role in HIV/AIDS and drug control efforts in Bhaktapur, Rajesh's contributions will surely be recognized and remembered.

Suruwat

Friends For Change

राजेश दिदियाका अर्का सहकर्मी राजन केसीले सन् २००५/०६ देखि राजेश र आफू एउटै टीममा रहेर दाजुभाइ जस्तै सहकार्य गरेको स्मरण सुनाउनुभयो ।

Rajan KC, colleague of Rajesh shared, working closely with Rajesh as part of the same team since 2005/06, sharing a brotherly bond throughout their collaboration.

**भिडियो – अंग्रेजी सवटाइटलको लागि**

**००:०० देखि ००:३१ सम्म**

> *‘राजेश दिदिया र मेरा परिचय बनाउने यात्रा हामीले सँगसँगै सुरु गरेका हौँ २००५/०६ तिर एउटै टीममा दाजुभाइका हिसाबले । धेरै तीतामीठा दिनहरु पार गर्दै आजको अवस्थासम्म आइपुग्न मिलेरै धेरै मेहनत गरेका थियौँ । हामी सँगै हुँदा नै सुरुवात संस्था जन्मेको हो ।’*

My journey of acquaintance with Rajesh Didiya began together around 2005/06, working as brothers on the same team. We went through many bitter and sweet days and worked very hard to reach where we are today. It was during our time together that Suruwat was born.

त्यस्तै राजेश दिदिया संलग्न इनडेप्थ मिडिया क्रियसनका सञ्चालक डा. संगम खाइजूले राजेश हक्की स्वभावको भएको र कुनै योजना बनाउँदा परिपक्क बनाउने र उक्त योजनाको प्लान ए र प्लान बी बनाएर त्यसलाई सफलतामा पु¥याएरै छाड्ने कार्यशैली रहेको स्मरण गर्नुभयो ।

Similarly, Dr. Sangam Khaiju, director of Indepth/ Media Creations, remembered Rajesh as a straightforward and honest person who always matured his plans carefully. He would prepare both Plan A and Plan B for any project and was committed to seeing it through to success before moving on.

**भिडियो – अंग्रेजी सबटाइटलको लागि**

**-१:१० देखि २:१३ सम्म**

*'उहाँको स्वभाव कस्तो खालको थियो भने हक्की खालको थियो । उहाँसँग पक्का प्लान हुन्थ्यो । उहाँले बोलिसकेपछि म यसरी लागू गर्छु भनेर अगाडि नै उहाँको प्लान भइसक्थ्यो । उहाँले परिपक्व योजना बनाउनुहुन्थ्यो । त्यो हामीले सिक्न लायकको छ । हामीले जे गर्छौं, अगाडि नै योजना बनाएर यसरी जानुपर्छ, प्लान ए र प्लान बी भनेर जानुपर्छ, यसरी जाँदाखेरि सफल भइन्छ भन्नुहुन्थ्यो । यही कार्यशैलीले उहाँ यहाँसम्म आइपुग्नुभएको हो ।'*

He had a straightforward and confident nature. Once he made a decision, he already had a clear plan on how to implement it. He was known for preparing mature plans, something we all can learn from. He emphasized that whatever we do, we must plan ahead with both Plan A and Plan B, and by following this approach, success can be achieved. He is here due to this working style.

राजेश दिदियाले देख्नुभएको सपना र उहाँले थालेको अभियान सफल बनाउने अभिभारा हाम्रो रहेको र त्यसमा इनडेप्थ मिडिया क्रियसन हातेमालो गर्न प्रतिबद्ध रहेको उहाँले बताउनुभयो ।

He added that the responsibility to realize the vision and mission started by Rajesh Didiya, now rests with all of us, and Indepth *Media Creations* is committed to supporting and collaborating in making that mission a success.

**- ४:४५ देखि ५:०६ सम्म**

*'उहाँको भौतिक शरीर नष्ट भए पनि उहाँ निरन्तर हामीसँगै रहनुहुन्छ । उहाँको मार्गनिर्देशन, उहाँले देख्नुभएको सपना, बुनेको र बनाएको योजना सफल बनाउन हामी एकताबद्ध र योजनाबद्ध भएर लाग्नेछौं ।'*

Although his physical body is no longer with us, he continues to be present among us. We will unite and work systematically to carry forward his guidance, fulfill the dreams he envisioned, and successfully implement the plans he created.

# Suruwat

Friends For Change

त्यस्तै सुरुवात संस्थाका लेखापरीक्षक सुरेन्द्र हाडाले राजेश दिदियाले कर्म र योगदानमार्फत अमरत्व प्राप्त गरिससक्नुभएको औंल्याउँदै आफूसँग भेट हुँदा र कुराकानी हुँदा सधैँ एचआईभी संक्रमित र लागुपदार्थ दुव्र्यसनमा लागेकाहरुको जीवन रक्षा तथा उनीहरुको हितमा के कसरी काम गर्ने भन्नेबारे विचार विमर्श हुने गरेको सुनाउनुभयो ।

Similarly, Suruwat's auditor, Surendra Haada, highlighted that Rajesh Didiya has already achieved immortality through his actions and contributions. He shared that whenever they met and talked, their discussions always focused on how to protect the lives of people living with HIV and those struggling with drug addiction, and how to work for their well-being.

पछिल्लो राजेशले समय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थिति एचआईभी संक्रमित तथा लागुपदार्थ दुव्र्यसनमा लागेका र समुदायको लागि अनुकूल भएको भन्दै चिन्तासमेत व्यक्त गर्नुभएको उहाँले बताउनुभयो ।

HE also noted that Rajesh had recently expressed concerns about the national and international situation, emphasizing that it had become more challenging for people living with HIV, those affected by drug addiction, and the community at large.

**भिडियो – अंग्रेजी सबटाइटलको लागि**

**-०:४८ देखि १:२८ सम्म**

*'कुरा हुँदा जहिले पनि राजेशले आफ्नोमात्रै कुरा गर्नुहुन्थेन, समुदायको पनि कुरा गर्नुहुन्थ्यो । एचआईभी लागेका, लागुपदार्थ दुव्र्यसनमा लागेकाहरुको हविगत छ, उनीहरुलाई खान र लाउन धौधौ परिरहेको छ, त्यसले गर्दाखेरि उनीहरुलाई केही सपोर्ट गर्न यस्तो यस्तो काम गरिरहेको छु दाइ भनेर भन्नुहुन्थ्यो ।*

*Whenever we talked, Rajesh never spoke just about himself, he always spoke about the community as well. He was deeply concerned about the lives of people living with HIV and those struggling with drug addiction, knowing how hard it was for them to get enough food and basic necessities. He would often say, "I am working on this and that to support them."*

# Suruwat

Friends For Change

*बितुभन्दा ४ दिनअघिसम्म पनि उहाँको र मेरो कुराकानी भएको थियो । उहाँले अहिले देशमा परिवर्तन आइरहेछ र हामीलाई सहयोग गर्ने नीतिमा पनि परिवर्तन आइरहेछ । त्यसले गर्दा अप्ठेरो भइरहेछ भनेर दुःखेसो पोख्नुभएको थियो ।'*

*Even just four days before he passed away, we had a conversation. He shared that the country was going through changes, including shifts in policies meant to support us, and expressed his frustration about how these changes were creating difficulties.*

**- ४:३० देखि ४:५४ सम्म**

*'मान्छेहरु आफ्नो पहिचान पछिसम्म रहिरहोस् भनेर हरेक काम गर्छन् । हुन त राजेशले सजिलैसित आफ्नो नाउँ बनाएको छ भन्छु म त! मान्छे जन्मेपछि मर्नु परिहाल्छ । राजेशले त भक्तपुरमा काम गरेर, नेपालमा काम गरेर अमरत्व प्राप्त ग₹यो भन्छु म त! राजेश भन्नासाथ नचिन्ने थोरै छन् ।'*

People do everything to ensure their identity lasts even after they are gone. I say that Rajesh easily made a name for himself.  After all, everyone born must eventually pass away. But through his work in Bhaktapur and across Nepal, Rajesh has achieved immortality. There are very few who do not recognize the name Rajesh.

सुरुवातका कार्यक्रम अधिकृत अनुप अधिकारीले राजेशको पहलमा संस्थामा सञ्चालन भइरहेको परियोजनाबारे जानकारी दिएको श्रद्धाञ्जली कार्यक्रममा स्वर्गीय राजेश दिदियाको सम्झनामा एक मिनेट मौन धारणसमेत गरिएको थियो ।

During the memorial program, Anup Adhikari, Program Officer of Suruwat also provided information about the ongoing projects at the organization initiated by Rajesh. A moment of silence was observed in memory of the late Rajesh Didiya.

REST In PEACE RAJESH